म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ७६ शुक्रबार, ५ कात्तिक २०७८ द्वितीया ने. सं. ११४१ कौलाथ्व 22 October, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा ७ संक्रमित थपिए

हेटौंडा/ मकवानपुरमा कोरोना संक्रमणको जोखिम कायमै छ । जिल्लामा बिहीवार सात जना कोरोना संक्रमित थपिएका छन् ।

पछिल्लो २४ घण्टामा जिल्लामा ७ जनालाई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । सदरमुकाम हेटौंडामा सर्वसाधारणको भिडभाड र स्वास्थ्य सतकर्ता नअपनाएका कारण संक्रमण घटन सकेको छैन् । स्वास्थ्य कार्यालय मकवानपुरले २४ घण्टामा ६० जनाको पीसीआर परीक्षण गर्दा र एन्टिजेन विधिबाट कोरोना जाँच गर्दा ७ जनामा संक्रमण देखिएको जानकारी दिएको छ । कोरोना संक्रमित दर बिहीवार ११ प्रतिशत रहेको छ ।

मकवानपुरमा हाल सम्मको कोरोना संक्रमितको संख्या १५ हजार ३ सय ४२ पुगेको छ । जिल्लामा ७ जनालाई कोरोना देखिँदा एकजनाले मात्रै कोरोनालाई जितेका छन् ।

मकवानपुरमा कोरोना मुक्त हुनेको संख्या १५ हजार ४७ रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । पछिल्लो समय जिल्लामा संक्रमित बढिरहेको छ ।

# वाग्मतीमा गठबन्धनबाट पाण्डे मुख्यमन्त्री बन्ने निश्चित

साझाकुरा संवाददाता

हेटौंडा/ नेकपा (एकीकृत समाजवादी) का संसदीय दलका नेता राजेन्द्र पाण्डे वाग्मती प्रदेशको आगामी मुख्यमन्त्री बन्ने निश्चित भएको छ ।

विपक्षी गठबन्धनको बिहीबार प्रदेशको राजधानी हेटौंडामा बसेको बैठकले पाण्डेलाई मुख्यमन्त्रीको रुपमा अगाडि बनाउने निर्णय गरेको हो । मुख्यमन्त्रीका लागि कांग्रेस संसदीय दलका नेता इन्द्रबहादुर बानियाँ र पाण्डेको नाम चर्चामा रहेको थियो । कांग्रेस सभापति एवम् प्रधानमन्त्री शेर बहादुर देउवाले मुख्यमन्त्रीको विषय टुंग्याउन र सम्झौता गर्न कांग्रेस सहमहामन्त्री प्रकाशशरण महतलाई हेटौंडा पठाएका थिए । महतले विपक्षी गठबन्धनमा रहेका दलका नेताहरुसहितको बैठकबाट मुख्यमन्त्रीमा पाण्डे अगाडि बढाउने समझदारी बनाएर काठमाडौं फर्केकाका थिए ।

स्रोतका अनुसार एकीकृत समाजवादी र कांग्रेसले आधा(आधा कार्यकाल सरकारको नेतृत्व गर्ने सहमति पत्रमा गठबन्धनका नेताहरुले हस्ताक्षर गरेका छन् । गठबन्धनमा रहेका माओवादी केन्द्र, कांग्रेस, नेकपा (एस) ले नयाँ मुख्यमन्त्री चयनका लागि हस्ताक्षर समेत संकलन गरि सकेको छ । वाग्मती प्रदेशको सत्तारुढ नेकपा (एमाले) विभाजन भएर १३ सांसदले नवगठित नेकपा (एस) रोजेपछि मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य अल्पमतमा परेकी थिइन् ।

मुख्यमन्त्री शाक्यले गत असोज २४ गतेको प्रदेशसभाको बैठकमा नेपालको संविधानको धारा-१८८ को उपधारा १ बमोजिमको प्रावधानअनुसार विश्वासको मत लिने कार्यका लागि प्रस्ताव गरेकी थिइन् । तर, विपक्षी गठबन्धनले मुख्यमन्त्रीको टुंगो नलागउँदा दलहरुबीचको सहमतिमा प्रदेशसभाको बैठक सारिएको थियो । बिहीबारको प्रदेशसभा बैठकबाट मुख्यमन्त्री शाक्यले विश्वासको मत लिने प्रक्रिया सुरु भएको छ । अब कात्तिक १० गते बुधबार बस्ने प्रदेशसभाको बैठकमा विश्वासको मतको विषयमा मतविभाजन हुनेछ । प्रदेशसभाको बैठकमा मुख्यमन्त्री शाक्यले आफ्नो भनाइ राख्दै



विश्वासको मत दिन सांसदहरुलाई आग्रह गरेकी थिइन् । उनले सदनमा पूर्वमुख्यमन्त्री डोरमणि पौडेल र आफ्नो नेतृत्वमा भएको कामको फेहेरिस्ता पढेर सुनाएकी थिइन् । ५६ सांसदसहित एकल बहुमतबाट मुख्यमन्त्री शाक्य भदौ २ गते नेपालकै पहिलो मुख्यमन्त्री बनेकी थिइन् । हाल उनीसँग सभामुखसहित ४३ जना मात्रै सांसद छन् । प्रदेशसभामा नयाँ सरकार बनाउन ५५ मत चाहिन्छ । जुन उनीसँग छैन । सदनमा माओवादी २३, कांग्रेस २२, नेकपा (एस) १३ र जसपाको १ मत छ । विपक्षी गठबन्धनसँग ५९ मत रहेको छ ।

**एकहप्तापछि मतविभाजन**

वाग्मती प्रदेश सरकारको आयु एक साता लम्बिएको छ । मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले सदनमा विश्वासको मत लिनका लागि पेश गरेको प्रस्तावमाथिको छलफल बिहीबार टुंगिएसँगै सभामुख सानुकुमार श्रेष्ठले बाँकी प्रक्रिया अर्को बैठकबाट टुंग्याउनेभन्दै सदन स्थगित गरेका छन् । प्रदेशसभाको आगामी बैठक कात्तिक १० गते बुधबार दिउँसो १ बजे बस्नेछ । सभामुखले विपक्षी दलसँग छलफलको क्रममा आगामी बैठक कात्तिक ७ गते राख्ने बताएपनि ३ दिन ढिला गरी बैठक बोलाएका हुन् । आगामी बैठकमा विश्वासको मत विभाजन हुने गरी बैठक स्थगित गरेको प्रदेशसभा स्रोतले जनाएको छ ।

पार्टीको वडा र स्थानीय तहको अधिवेशनका कारण प्रदेशसभाको बैठक कात्तिक ११ गते बोलाउन आग्रह गर्दै प्रदेशसभामा सत्तारुढ एमालेले पत्र दर्ता गराएको थियो । सभामुख श्रेष्ठले सोही पत्रलाई देखाउँदै बैठक सारेका हुन् । प्रदेशसभा सचिवालयले बिहीबार नै मत विभाजन प्रक्रिया टुंग्याउने गरी तयारी अगाडि बढाएको भएपनि सभामुख उक्त कार्यबाट पछाडि हटेका हुन् ।

**लोकतन्त्रमाथि प्रहार: शाक्य**

मुख्यमन्त्री शाक्यले लोकतन्त्रमाथी चौतर्फि रुपमा प्रहार भइरहेको बताएकी छिन् । प्रदेशसभामा विश्वासको मत माग्दै उनले प्रदेश सरकारले जनताले अनुभूत हुने गरी काम गरिरहेको बताइन् । उनले आफूलाई सर्वसम्मत चयन गर्ने नेताहरु अन्य गतिविधिमा लागेको भन्दै नैतिकता र इमान्दारितामा आँच आउने गरी सहमति गर्न नचाहेको टिप्पणी गरिन् । उनले गठबन्धन सरकारले ल्याएको अध्यादेशको पनि विरोध गरिन् । 'नेकपाको सरकार हुँदा केपी शर्मा ओलीले अध्यायदेश ल्याउँदा हामीले नै विरोध गर्‍यौं, त्यो फिर्ता भयो,' उनले भनिन्,'तर, अहिलेको सरकार त्यो भन्दा पनि निकृष्ट रुपमा अध्यादेश ल्याएको छ । पार्टी विभाजन गर्ने उद्देश्यले नै अध्ययादेश ल्याएको हो ।'

**राजीनामा दिन आग्रह**

नेकपा माओवादी केन्द्रले मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यलाई मार्ग प्रशस्त गर्न आग्रह गरेको छ । नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता शालिकराम जमकट्टेलले गठबन्धनले सहमति गरिसकेकोले मार्ग प्रशस्त गरिदिन आग्रह गरे । संविधानत: बहुमत लिनु पर्ने समय सकिइसकेको भन्दै उनले अझै सत्ता लम्ब्याउने खेल भएमा प्रदेश प्रमुख समक्ष बहुमतको दाबी गर्ने बताए । जमकट्टेलले अविश्वासको प्रस्तावको तयारी गरिरहेको भन्दै एक महिनाको समय दिइएको बताए । उनले नेकपा एमालले प्रदेशसभामा पेश गरेको पत्र पनि अस्वभाविक भएको टिप्पणी गरे । नेकपा एमालेका मुख्य सचेतक दीपक निरौलाले बिहीबारको बैठक सार्न माग गर्दै प्रदेशसभामा पेश गरेको पत्रको उनले विरोध गरेका छन् । संविधान रक्षाका लागि भएको गठबन्धन बनेको भन्दै उनले व्यवस्था बचाउनका लागि सबै दलहरु एक ठाउँमा उभिएको बताए ।

नेकपा एकिकृत समाजवादी बागमती प्रदेशका संसदीय दलका नेता राजेन्द्र पाण्डेले पनि मार्ग प्रशस्त गर्न आग्रह गरे । उनले यो सरकार ३९ दिनदेखि अल्पमतमा परेको भन्दै जिम्मेवारीबाट हटेर मार्ग प्रशस्त गर्न शाक्यलाई आग्रह गरे । 'गठबन्धन किन बनेको भन्ने विषय अहिलेको मुख्यमन्त्रीलाई सबै भन्दा बढी थाहा छ,' उनले भने,'यसअघि उहाँका भाषणहरुले पनि यो कुरा प्रष्ट पार्छ । यस अघि प्रतिगमन भएको भन्ने अनि त्यही समूहबाट मुख्यमन्त्री बन्ने कुरा अस्वभाविक छ । अहिले अष्ट लक्ष्मी शाक्यको विरद्ध राजेन्द्र पाण्डे उभिने दिन आयो ।' उनले निर्वाचित तानाशाहको विरुद्धमा उभिनका लागि गठबन्धन बनेको बताउँदै संघीय संसदमा ठूलो बहुमत हुँदा धेरै काम गर्न सकिने अवस्थालाई विध्वशंमा परिणत गर्दा आजको अवस्था आएको बताए ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले केन्द्र सरकारले ल्याएको अध्यादेश ठिक रहेको दाबी गरेका छन् । 'हिजोको अध्यादेश गलत नियतले ल्याइएको थियो,' उनले भने,'अहिले संविधानको रक्षाका लागि पनि अध्यादेश जरुरी थियो ।' नेकपा एमालेका सांसद रामेश्वर फुयाँलले ताजा जनादेशबाट अहिलेको अवस्थाको जवाफ दिने बताए । प्रदेशसभामा बोल्दै उनले परमादेशबाट सरकार गठन भएको र अस्वभाविक अध्यादेशले अहिलेको अवस्था आएको दाबी गर्दै आउने निर्वाचनबाट नै सबै जवाफ दिने बताए । विवेकशील साझा पार्टीका सांसद रमेश पौडेलले विश्वासको मत दिने वा नदिनेमा अन्यौलता रहेको बताए । मुख्यमन्त्री शाक्यको दुई थरी चरित्र देखिएको भन्दै उनले आफूहरु अन्यौलमा परेको बताए । जसपा सांसद प्रेमबहादुर तामाङले पाण्डेलाई मुख्यमन्त्रीको रुपमा समर्थन गरेका छन् ।

## आठ फरार प्रतिवादी पक्राउ

हेटौंडा/ ठगी, चेक अनादर र सवारी ज्यान मुद्दामा फरार भएका आठ जनालाई ममकवानपुर प्रहरीले पक्राउ गरी कानुनी दायरामा ल्याएको छ ।

जिल्ला अदालत मकवानपुरले १६ वैशाख २०७८ मा चेक अनादर मुद्दामा दुई हजार जरिवाना तोकिएका तीन फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । हेटौडा उपमहानगरपालिका-१२ बस्ने २३ वर्षीय उमेश बिक, सोही वडाका २२ वर्षीय श्याम बिक र २२ वर्षकै बिशाल भन्ने हरि बिकलाई प्रहरीले पक्राउ गरेको छ । मकवानपुर प्रहरीले तीन जनालाई बिहीबार अदालतमा उपस्थित गराएको छ । अदालतले २६ चैत २०६८ मा सवारी ज्यान मुद्दामा १ महिना ३ दिन कैद र दुई हजार जरिवानासहित तोकेका बसामाडी-१ नेवारपानीका ३१ वर्षीय लक्ष्मण बहादुर गोले पक्राउ परेका छन् ।

१० मंसिर २०७६ मा सवारी ज्यान मुद्दामा ४ महिना ३ दिन कैद सजाय भुक्तान गर्न बाँकी रहेका फरार प्रतिवादी हेटौंडा-१५ का २४ वर्षीय प्रदिप प्रजालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । वैदेशिक रोजगार ठगी मुद्दामा १ वर्ष ६ महिना कैद र १ लाख ५० हजार जरिवाना भुक्तान गर्न बाँकी रहेका फरार प्रतिवादी मनहरी गाउँपालिका-३ हाँडिखोला घर भएका काठमाडौं बस्ने ४९ वर्षीय कुमार प्रसाद पौडेल पक्राउ परेका छन् । लागुऔषध मुद्दामा ७ महिना १३ दिन कैद भुक्तान गर्न बाँकी फरार प्रतिवादी हेटौडा उपमहानगरपालिका-१५ घर भएका ५८ वर्षीय रामबहादुर बललाई पक्राउ गरी अदालतमा उपस्थित गर इएको मकवानपुरका निमित्त प्रहरी प्रवक्ता प्रहरी निरीक्षक देवेन्द्र दासले जानकारी दिए ।

# गढीका कृषि अधिकृत चौधरी 'ईन्टीग्रेटी आईकन-२०२१'

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरगढी गाउँपालिकाका कृषि विकास अधिकृत चन्द्रकान्त चौधरी राष्ट्रसेवक ईन्टीग्रेटी आईकन २०२१ बाट सम्मानित भएका छन् ।

अकाउन्टविलिटी ल्याब नेपालले चौधरीसहित पाँच जनालाई ईन्टीग्रेटी आईकन २०२१ बाट सम्मानित गरेको छ । सम्मानित हुनेमध्ये चौधरी कृषि क्षेत्रका एकमात्र व्यक्ति छन् । सिरहाको महेश्वरी गाउँमा जन्मिएका चौधरी गाउँपालिका स्थापना भएदेखि नै मकवानपुरगढीमा कार्यरत छन् । उनले गाउँपालिकाको कृषि क्षेत्रको विकासमा उल्लेख्य भूमिका खेलेका छन् । गाउँकै महेश्वरी विद्यालयमा कक्षा ५ सम्म पढेका उनले कक्षा ६ देखी कक्षा १० सम्म मामा घरमा बसेर पढे । परिवारको आर्थिक अवस्था कमजोर भएपनि शिक्षा लिनबाट बञ्चित नभएका उनीले छिटो काम पाउने सोचेर प्राविधिक विषय जेटिए पढेका थिए ।

जेटिए अध्ययन गरेका चौधरी २०६० सालमा प्राविधिक चौथोबाट सरकारी सेवामा प्रवेश गरेका हुन् । चौधरीले मकवानपुर गढी गाउँपालिकामा किसान क्रेडिट कार्ड, सहकारीमार्फत उत्पादित कृषि उपजको बजारीकरणको व्यवस्था, व्यवसायिक तरकारी खेतिको क्षेत्र बिस्तार, स्थानीय स्तरमा माटो परिक्षण प्रयोगशाला स्थापना गर्न अहम भूमिकालगायतका काम गरेका छन् ।



उनले दुई लाखसम्म ऋण पाउने गरी गाउँका किसानलाई किसान क्रेडिट कार्ड उपलब्ध गराउन भूमिका खेले । गाउँपालिकाले २५ जनालाई पहिलो चरणमा किसान क्रेडिट कार्ड वितरण गरेको छ ।

गाउँका करिब ७० जना किसानको लागि क्रेडिट कार्ड सिफारिस गरिसकेका चौधरी आफैं किसानको खेतखेतमा पुगेर कृषि समम्बन्धि गतिविधि नियाल्नुका साथै समस्या समाधानमा जोड दिने गर्दछन् । चौधरीले गाउँका किसानहरुलाई प्रविधि, व्यवसाय, बजारसँग अभ्यस्त बनाएर उदाहरणीय कृषि प्राविधिकको रुपमा आफुलाई प्रस्तुत गर्दै आएका छन् । उनले गाउँमा उत्पादित कृषि उपजहरुलाई सहकारी संस्थामार्फत बजारीकरण गर्ने व्यवस्था मिलाएका छन् । कृषकले उत्पादन बढाए पनि उचित मुल्य नपाउने समस्या देखेपछि सहकारी मार्फत बजारीकरण गर्ने योजना चौधरीले अघि सारेका थिए ।

कृषि तथा पशुपालन क्षेत्रमा लामो समयदेखि अनुभव भएका गाउँपालिका अध्यक्ष बिदुर हुमागाईंको आवश्यक साथ पाएपछि चौधरीको योजनाले मूर्तरुप पाएको थियो । सहकारीमार्फत बजारीकरण गर्ने योजना अनुरुप गाउँपालिकाले बजेटको व्यवस्था गरेको थियो । खुला प्रतिस्पर्धाबाट सहकारी पसल सञ्चालनमा आएपछि त्याहाँबाट गाउँका कृषि उपज बिक्री हुँदै आइरहेको छ । कृषकलाई प्रोत्साहन गर्न धान, गँहु, मकै, कोदो, फापर जस्ता अन्न सहकारीमार्फत बिक्रि गर्दा पालिकाले किलोको २ रुपैया थप दिने र सहकारीले पनि भण्डारण गरेबापत किलोको २ दुई रुपैया पाउने व्यवस्था लागु गर्न चौधरीले भूमिका खेलेका थिए ।

स्थानीय तहमा माटो परिक्षणको प्रयोगशाला स्थापनामा पनि उनको योगदान छ । बागमती प्रदेश सरकारले माटो परीक्षण प्रयोगशालालाई सहयोग गर्ने कार्यक्रम थियो । प्रदेश सरकारले ५ स्थानीय तहलाई प्रयोगशालाका सामानहरु सहयोग गर्‍यो । ५ वटा मध्ये सबै भन्दा पहिले मकवानपुरगढी गाउँपालिकाले ल्याब सञ्चालन गर्‍यो । ल्याब सञ्चालन गर्न चौधरीले अहम भूमिका खेलेका छन् ।

चौधरीले स्थानीय किसानहरुलाई व्यवसायिक तरकारी खेतिको क्षेत्र बिस्तार गर्न प्रेरित गरि रहे । थोरै क्षेत्रमा खेती गर्दा लगानी बढी लाग्ने भएकाले क्षेत्र विस्तार गरेर खेती गर्दा राम्रो कमाउन सकिन्छ भन्ने उद्देश्यले उनी किसानहरुलाई सुझाव दिन्थे । उनको सल्लाहमा १० कठ्ठा जग्गामा खेती गर्ने किसानहरु अहिले ८/९ बिगाहामा खेती गर्ने भए ।

## एमाले वडाअध्यक्ष कांग्रेसमा प्रवेश



हेटौंडा/ नेकपा एमाले मकवानपुरगढी वडा नम्बर ३ का अध्यक्षसहित ६ जना नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

नेकपा एमालेका गढी-३ का अध्यक्ष शत्रुघन दुलालसहित ६ जना कांग्रेसमा प्रवेश गरेका हुन् । प्रवेश गर्नेमा दुलालसहित एमालेका वडा सदस्य कृष्णप्रसाद घिमिरे, समाजसेवी रेवतीप्रसद चौलागाई लगायत रहेका छन् । उनीहरुलाई नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता एवं मकवानपुर सभापति इन्द्रबहादुर बानियाँले स्वागत गरेका छन् । नेता बानियाँले कम्युनिष्टबाट देशको शासन व्यवस्था र विकास सम्भव नभएकाले कांग्रेसमा प्रवेश गर्ने क्रम बढेको बताउँदै कांग्रेसको सदस्यता लिएकाहरुलाई उचित सम्मान गर्ने बताए ।

कार्यक्रममा क्षेत्र नम्बर २ का संघीय सभापति यतिराज सापकोटा, १ का सचिव सुवातसिंथिङ, युवा नेताहरु राजु गौतम, इन्द्रप्रसाद चौलागाई, सागर तिमल्सिना, विश्वराज न्यौपाने लगायत सहभागी थिए ।





| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

**Hetauda City Hospital Pvt.Ltd**

Hetauda Sub-metropolitan City-1

Phone:- 057-520315

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applicantions from Qualified, Energetic and Experienced Candidates for the following Designations.

| S.No. | Designations | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs.35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/B Sc Nursing |
| 3 | Staff Nurse/CMA/ANM | Few | Negotiable | Registered NHPC |
| 4 | Receiptionist | Few | Negotiable | +2 Completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration.

Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.



साझाकुरा

## हाम्रो कुरा

# मासुमा आत्मनिर्भर

मकवानपुर जिल्ला माछ्लामासुमा आत्मनिर्भर बनेको छ । केहीवर्ष अगाडिसम्म माछ्लामासुका लागि छिमेकी जिल्ला र भारतको भरपर्नुको विकल्प थिएन । पछिल्लो समयमा गाउँगाउँमा युवाहरु कृषि पेशामा आबद्ध भएपछि जिल्लामा माछ्लामासुमा आत्मनिर्भर बनेको हो ।गतवर्ष दशैंको तुलनामा यसवर्ष मकवानपुरमा खसीबोकाको माग दोब्बर भएको छ । गतवर्ष कोरोना महामारीका कारण खसीबोकाको व्यापारमा कमी आएको थियो । दसैंमा घरघरमा सिंगो खसी काट्ने र बोका पूजा गर्ने चलन बढेका कारण यसवर्ष माग दोब्बर भएको अनुमान व्यवसायीको छ । यसवर्ष कोरोना संक्रमण दर घटेपछि चाडपर्व मनाउन धेरै मानिसहरु घर आएका कारण मासुको माग बढीहुँदा पनि खसीबोकाको माग बढेको हो ।

हाल जिल्लामा उत्पादन भएकोमध्ये करिब ८० प्रतिशत् मासुजन्य वस्तु यहीं खपत हुने गरेको छ । बाँकी छिमेकी जिल्ला लैजाने गरिएको छ । यहाँबाट वर्षेनी खाद्य संस्थानले खसीबोका खरिद गरेर काठमाडौं लैजाने समेत गरेको छ । हाल बजारमा खसीबोकाको मासु प्रतिकेजी मूल्य एकहजार रुपियाँ छ । यस वर्ष व्यवसायीले मूल्यवृद्धि नगरेको संघले जनाएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र हेटौंडाको तथ्यांकअनुसार जिल्लामा मुख्य चाडपर्वको समयमा दैनिक २ सयको हाराहारी खसीबोका खपत हुने अनुमान छ । अन्य समयमा मकवानपुरमा दैनिक करिब ७० वटा खसीबोका खपत हुने गरेको थियो । जिल्लामा १ सयभन्दा बढी व्यावसायिक बाख्राफर्म छ । ती फर्ममा दसैं अगाडिसम्म करिब ३ लाख खसीबोका र बाख्रा रहेको थियो । धेरै संख्यामा खसीबोका जिल्लामा उत्पादन भए पनि यहाँ छिमेकी जिल्लाबाट समेत खसीबोका आउने गरेको छ । जिल्लामा वार्षिक १ हजार ७ सय ३९ मेट्रिक टन खसीबोकाको मासु उत्पादन हुने तथ्यांक छ । मकवानपुरमा वार्षिक भैंसी/राँगाको भने ४ हजार ८७ मेट्रिक टन, बंगुर १ सय ९६, कुखुरा/हाँस ७ हजार ९ सय ७२ मेट्रिक टन खपत हुने विज्ञकेन्द्र हेटौंडाको तथ्यांक छ ।

मकवानपुरमा विक्रीवितरणका लागि चितवन, सिन्धुली, सर्लाही, बारा, पर्सालगायत जिल्लाबाट पनि व्यापारीले खसीबोका ल्याइने गरेका छन् । जिल्लाको ग्रामीण क्षेत्रमा सहकारीमार्फत् खसीबोका उत्पादन र बजारीकरण गरिँदै आएको छ । पहिले भारतबाट समेत खसीबोका ल्याएर विक्रीवितरण गर्ने गरिएको भएपनि दुईवर्ष यता जिल्लाकै खसीबोका माग थेगेको छ । सरकारले पशुपालनमा अनुदान दिएका कारण पनि खसीबोकामा आत्मनिर्भर हुने अवस्था सिर्जना भएको दावी गरे । माछ्लामासुमा आत्मनिर्भर भएपनि हामीले अझै व्यवसायीकरुपमा यसक्षेत्रलाई अगाडि बढाउन सकेका छैनौं । त्यसकारण वास्तविक किसानलाई कसरी राहत र अनुदान उपलब्ध गराउन सक्छौं त्यसतर्फ पनि सरोकारवाला पक्षले ध्यान दिन जरुरी रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ कार्तिक ६ गते शनिबार २३ अक्टोबर २०२१ । असोज कात्तिक कृष्ण तृतीया । कौलागा द्वितीया ११४१ । सूर्योदय ६:०८ र सूर्यास्त ५:२७ मा हुनेछ । ११ घण्टा १९ मिनेटको दिन ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुबाट मुक्त | तुला | : प्रेममा सफलता |
| वृष | : मिष्ठान्न भोजन | वृश्चिक | : आफन्तजन भेट |
| मिथुन | : आलश्यता | धनु | : भित्रजन भेट |
| कर्कट | : सुख प्राप्ति | मकर | : धन प्राप्ति |
| सिंह | : यात्राको योग | कुम्भ | : धन नष्ट |
| कन्या | : अध्ययनमा बाधा | मीन | : शुभ कार्यको थालनी |

# कांग्रेस युवासँग सैद्धान्तिक बहस अपेक्षित



**कुलचन्द्र वाग्ले**

नेपाली कांग्रेस चौधौं महाधिवेशनको चटारोमा छ । महाधिवेशनको कार्यतालिका बारम्बारको परिवर्तनले यो चटारो शिथिल र अनिश्चय आशंकामा पनि रुमलिएको छ । मुलुकमा क्रियाशील सशक्त दलहरुमध्येको अग्रज नेपाली कांग्रेसलाई एकमात्र लोकतान्त्रिक दल मान्नु नेपालको राजनीतिक यथार्थ हो । थप सरकारको नेतृत्वमा रहेको जेठो दलको महाधिवेशनप्रति राष्ट्रिय, अन्तर्राष्ट्रिय चासो र हनु स्वाभाविकै हो । महाधिवेशन तयारीको चुनावी गतिविधिमा देखिएको सक्रियताजस्तै सैद्धान्तिक बहसमा हुन नसकेको स्मरणीय टिप्पणीहरु मननयोग्य समेत छन् ।

कांग्रेस महाधिवेशन नेतृत्व चयनको कार्यक्रमसमेत भए पनि यही बेला सैद्धान्तिक र कार्यक्रमिक चिन्तनको अपेक्षा राखिन्छ । कांग्रेसका युवा नेताबाट यस्तो बहस अपेक्षित छ । कांग्रेसमा अग्रज शीर्ष पदाधिकारी सैद्धान्तिक चिन्तनमा उदासीन देखिएकाले पनि युवा नेतासँग अपेक्षा बढेको हो । सैद्धान्तिक नेतृत्व लिन चुकेको पदासीन नेतृत्वले आफैंलाई नीति र सिद्धान्तको प्रतीक ठान्ने अति आत्ममूल्यांकनले सैद्धान्तिक बहसलाई ओझेलमा पारेको हो । महाधिवेशन तयारीको सन्दर्भमा भावी नीति र कार्यक्रम निर्धारण गर्ने बहसको लागि कुनै संस्थागत प्रयत्न भएको छैन । नीतिगत छलफलको लागि कथित भितर, इतरबाट औपचारिक, अनौपचारिक कुनै समिति वा टोली बनाइएको पनि छैन । जुन आवश्यक र सम्भव छ । नीतिगत तदारुकतामा उदासीनताको यसभन्दा अर्को उदाहरण आवश्यक छैन । नेतृत्व वा पदको दावा गर्ने भने लहर नै चलेको छ । प्रजातान्त्रिक राजनीतिलाई सिद्धान्त र व्यवहारको सन्तुलनमा प्रस्तुत गर्ने परिमार्जन सामयिक आवश्यकता हो । साध्य निश्चित छ तर त्यो साध्य पाउने साधनमा परिमार्जन आवश्यक छ । नेपाली कांग्रेसको साध्य जनता र राष्ट्रहित केन्द्रित हो ।

नागरिकको सर्वतोमुखी हित र देशको पक्षमा प्रयुक्त हुने फलदायी साधन के के हुन् तिनको पहिचान र परिमार्जनले समयलाई सम्बोधन गर्ने नीतिगत बहस नै अहिलेको माग हो । राष्ट्रियता, लोकतन्त्र र समाजवादले कांग्रेसको साध्य लक्ष्यलाई बोलेको छ । साथै जय नेपाल र 'सबै अट्ने देश, सबैलाई समेट्ने कांग्रेसको मान्यताले आफ्नो साध्यप्रति थप प्रकाश पारेको छ । मूलभूत यिनै अवधारणामा जनहित केन्द्रित साध्य पाउने साधनको सामयिक परिमार्जन नै अहिलेको सैद्धान्तिक वा नीतिगत र कार्यक्रम योजना आवश्यक देखिएको हो ।

साधनको विषयमा आधारित बहस गर्न सकिन्छ । निष्कर्ष दिन सकिन्छ । यसले राजनीतिमा जनविश्वास बढोत्तरी गर्नेछ । यही खाँचो पूर्तिका लागि कांग्रेसको वैचारिक युवा पुस्ता अग्रसर हुनुपर्ने देखियो । वैचारिक बहस र निष्कर्ष दिन युवापुस्तामा सक्षम व्यक्ति पनि छन् । बाँकी इच्छाशक्ति हुनुपर्यो, उदासीनता मेट्नु पर्यो । गुटलाई संरक्षण दिइरहेको व्यक्ति नेतृत्व रिसाउँला कि भन्ने भयबाट युवा नेतृत्व मुक्त हुनु पर्यो । सैद्धान्तिक लक्ष्य प्राप्तिको साधन पहिचान गर्न वैचारिक पुस्ता अघि सर्ने बन्ने हो भने राजनीतिक चिन्तक, विश्लेषकहरु पनि विषय बहसमा आकर्षित हुने सम्भावना प्रशस्त छ ।त्यस्तो सम्भावना उदघाटित पनि गर्नुपर्यो र आह्वान पनि । चाहने हो भने यसको लागि वर्तमान 'डिजिटल' युगमा साधन र माध्यमको कमी छैन । प्रिन्ट (छापा)को प्रभावकारिता पनि निर्मूल भएको छैन । सैद्धान्तिक बहस जडसूत्रीय हुनु भने हुँदैन । सिद्धान्त र व्यवहारको प्रयोगात्मक सन्तुलन मिल्ने गरी बहससँगै निष्कर्ष आउनुपर्छ । सिद्धान्तको एकोहोरो प्रलाप जडसूत्रीय हुन जान्छ । व्यवहारको एकपक्षीय दाबा तानाशाहीको बाटो हुन्छ । यसकारण आवश्यक छ, सिद्धान्त र व्यवहारबीच सन्तुलित समन्वय । बीपी कोइरालाले भन्नुभएजस्तै 'व्यवहार र सिद्धान्तबीच सन्तुलन राख्नु प्रजातन्त्रवादी नेपाली कांग्रेसको कार्य प्रणाली हो । सिद्धान्तको एकोहोरो दुहाइले जडसूत्रीय कम्युनिस्ट र व्यवहारको रुखो दावाले पञ्चायती तानाशाहजस्तै होइन्छ । प्रजातन्त्रवादी कांग्रेस यी भन्दा अलग सिद्धान्त र व्यवहारको समन्वयकारी प्रयोक्ता हो ।' सैद्धान्तिक बहसमा बीपीको यो मान्यता अनुकरणीय छ ।

बीपीले त्यसबेला कम्युनिस्ट विचारको जडतामाथि गर्नुभएको टिप्पणीलाई यतिबेला सोझै बुझ्नु हुँदैन, त्यस्तो पनि छैन । तर कम्युनिस्टहरुमा त्यस्तो जडताको भग्नावशेष चाहिँ छ र पनि यतिबेला तिनीहरुको प्राथमिक पहिचान सिद्धान्तहीनता र स्खलन हो । ढुलमुले कम्युनिस्टहरु प्राय: सरकार, सत्ताको आयव्ययको व्यवहारमा केन्द्रित पञ्चायती अवशेष वाहक भएका छन् । राजा संरक्षित पञ्चायती व्यवस्था त सदाको लागि असान्दर्भिक भइसक्यो । अवशेष चाहिँ बाँकी ।

यिनीहरुको ढुलमुललाई कम्युनिस्ट पहिचान पनि दाबा गर्ने र सँगै लोकतन्त्रको पगरी पनि गुथ्न चाहने विरोधाभाषी कुराले बुझ्न सकिन्छ । अधिनायकवादी चिन्तन केन्द्रित कम्युनिस्ट मान्यता र स्वतन्त्रता प्रत्याभूत गर्ने प्रजातान्त्रिक दर्शन स्थापित दुई भिन्न राजनीतिक मत हुन् । यी दुई मान्यतालाई सँगसँगै हिँडाउन सकिँदैन । कि त समूल सैद्धान्तिक रुपान्तरण जरुरी हुन्छ, कम्युनिस्ट चिन्तनमा । नेपाली गीतको बोल छ नि- 'हामी नदीका दुई किनारा,हाम्रो मिलन असम्भव छ' । कम्युनिस्ट चिन्तन र प्रजातान्त्रिक दर्शन नदीका दुई भिन्न किनाराजस्तै । राजनीतिक नदीका दुई भिन्न किनारा ।

राजनीतिक दर्शनले सिद्धान्तको मार्गचित्र देखाउँछ । ढुलमुल सिद्धान्त होइन । सैद्धान्तिक धरातल कमजोर पर्दा कुनै पनि दलभित्र व्यक्ति नेतृत्वको गुट, उपगुट र फुटको स्थिति बन्छ । नेतृत्व प्रधान, नीति गौण । गुटहरुको अस्वस्थ स्पर्धाले कार्यकर्तामा वैमनस्य पनि थप्छ र राजनीति भट्किन जान्छ । नेपाली राजनीतिको यथार्थ अहिले यही छ । दलमा गुट हुन्छन् तर गुट व्यक्ति नेतृत्व होइन विचारको बहसमा केन्द्रित हुनुपर्छ । विचारको स्खलनले कांग्रेसमा व्यक्ति केन्द्रित गुटहरु भरमार भएका हुन्, नैतिक समूह कमजोर । वैचारिक गुटले वाद, प्रतिवाद र संवाद गर्छ अनि निष्कर्षमा पुग्छ, त्यहाँ मिलनविन्दु भेटिन्छ । तर, नेतृत्व केन्द्रित गुटबाजीले नीतिहीन वैमनस्य बढाएर कार्यकर्ताबीच फाटो पार्छ । त्यही भइरहेछ । नेता केन्द्रित गुटगत प्रक्रिया अन्त्य गर्ने चिन्ता छ भने सिद्धान्त केन्द्रित बहस समूह निर्माणले त्यो चिन्ता हटाउन मद्दत गर्ने छ । नेपाली कांग्रेसको लागि महाधिवेशनको यो बेला बहसको उपयुक्त समय हो । को पदाधिकारी बन्ने, बनाउने अधिक चर्चाले समयमात्र खेर जान्छ । नेपाली कांग्रेसका केही युवा नेताले कतिपय सामयिक विषयमा सामूहिक रायलाई एउटै वक्तव्यमार्फत सार्वजनिक गरेका छन् ।

पार्टीको आन्तरिक विषयमा सामूहिक राय लिखित पत्रमार्फत सभापतिलाई पनि दिएका छन् । यो तरिका वाञ्छनीय नै हो । तिनै युवा नेता महाधिवेशनको बेला सामूहिक सैद्धान्तिक बहस गर्न किन तयार भएनन् ? साध्य प्राप्तिको साधन पहिचान र परिमार्जन गर्न किन ती जुटी रहेका छैनन् ? यसमा व्यक्तिगत प्रयत्न पनि ठीकै हो तर कतै यो आत्मश्लाघाको द्योतक हुने र सामूहिक प्रयत्नलाई ठोस आकार दिन बाधित गर्ने कारण बन्छ कि ? ध्यान जाओस् ।

र, अब ढिला नगरी कांग्रेस युवा नेतृत्वले नीति, सिद्धान्त, कार्ययोजना र कार्यसूची (एजेन्डा)माथि सामूहिक बहसलाई एकीकृत आकार देओस् । आफ्नो सामूहिक सान्दर्भिकता पनि यिनले स्थापित गरुन् । सक्षम युवा पुस्ताले एउटै मञ्चबाट सैद्धान्तिक मार्ग निर्धारणलाई नेतृत्व दिऊन् र संगठनमा नेतृत्व पनि लिऊन् । (बाह्रखरी

# आम नागरिकलाई पोल्ने यस्ता विषयले शासकलाई छुँदा नि छुँदैन !

**दिपेश घिमिरे**

कोभिड-१९ सँगै धेरैले रोजगारी गुमाए । स्वरोजगार भएकाहरू पनि आफ्नो पेसा-व्यवसायबाट हात धुनुपर्यो । राजधानी लगायतका धेरै सहरी क्षेत्रका सटरमा महिनौं ताला झुण्डिए । रोजगारीका लागि विदेश जानेहरूले पनि रोजगारी गुमाएर फर्किएका छन् ।

विगतका वर्ष जस्तै यस वर्ष पनि करिब ५ लाख युवा श्रम बजारमा प्रवेश गरे । तर नयाँ रोजगारीका अवसर बढेनन् । आफैंले केही उद्यम गर्न सक्ने वातावरण कोभिड-१९ को कारण बनेन । रोजगारीका अवसर गुमाएर समस्याका परेकालाई राज्यबाट कुनै सहयोग भएन । के सहर ? के गाउँ ? गरिबीको रेखामुनि रहेका करिब २० प्रतिशतभन्दा बढी नागरिक बेसहाराको अवस्थामा आफ्नो जीवन चलाइरहेका छन् । कोही एक छाक खाँदै त कोही लघुवित्त तथा सहकारीको चर्को ब्याजलाई झेल्दै । कोभिडका कारण ठूलो संख्याका नेपालीले स्वास्थ्य समस्या भोग्नुपर्यो । एघार हजारभन्दा बढी नागरिकले त यही समस्याका कारण ज्यान नै गुमाउनु पर्यो । ज्यान गुमाउनेले त गुमाए उनीहरूको आफन्त, परिवारका सदस्य, बालबालिकाको अवस्था फदयविदारक र कारुणिक देखिन्छ । पछिल्लो दुई वर्षमा हामी सबैमध्ये कोही प्रत्यक्ष तथा कोही परोक्ष रूपमा तनाव, समस्या र अप्ठ्यारो अवस्था भोग्दै र बिताउँदै आइरहेका छौं ।

यस्तो अवस्थामा नेपाली हिन्दू धर्मावलम्बीले यस वर्षको दसैं मनायौं । केही समयमा तिहार, म्हः पूजा, उधौली, माघी, क्रिसमस, इद लगायतका चाडबाड अब एकपछि अर्को गर्दै आउँदै जाँदै गर्नेछन् । चाडबाड मनाउनुको अर्थ भनेको 'सेलिब्रेसन' अर्थात् उत्सव हो । तर समग्र नेपालीको मनोविज्ञान यतिबेला 'सेलिब्रेसन' गर्ने मुडमा देखिएन । कोभिड-१९ को महामारी अझै हटिसकेको छैन । सबैले खोप लगाउन पाएका छैनन् । यसले गर्दा पहिलाको जस्तो भेला हुने, मनोरञ्जन गर्ने अवस्था दसैंमा पनि रहेन । फेरि यही समयमा भएको अविरल वर्षाको कारण एकातर्फ बाढी पहिरो गइरहेको छ भने अर्कातर्फ किसानले भित्र्याउन ठिक्क पारेको बाली नष्ट भएको छ । यसै गरी देश यतिबेला आर्थिक, सामाजिक रूपमा कमजोर भएको छ भने नागरिक मनोवैज्ञानिक रूपमा विक्षिप्त अवस्थामा छन् । यद्यपि चाडबाडको विशिष्ट महत्व चाहिँ हुँदो रहेछ । गाउँको खेतीबारीको उत्पादनले नपुग्ने, नगद कमाउन देशमा रोजगारीको अवसर नहुने कारण अधिकांश गाउँबस्तीहरू युवाविहीन छन् । आर्थिक उपार्जनको आशामा सहरी क्षेत्र वा विदेश पुगेका युवक-युवती आफन्तलाई भेट्ने एउटा बलियो सन्दर्भ चाडबाडलाई नै बनाउँछन् । दसैं वा यस्ता अन्य चाडबाडको महत्व घट्दै गएको भनेर जति लेखे बोले पनि त्यस्तो हुँदो रहेनछ । चाडबाडको महत्व के हुन्छ भन्ने कुरा महिनौं भारतका गल्लीमा भारी बोकेर केही पैसा र लुगाफाटो लिएर नेपाल भित्रिएको एकजना व्यक्ति र उसको परिवारको ओठमा हेर्यो भने विशिष्ट तस्बिर देखिँदो रहेछ ।

एघार महिना तीन हप्ता बारीको डिलमा बसेर सहर पसेका छोराछोरीको बाटो हेरेर बस्ने बूढी आमाको आँखामा हेर्यो भने फरक देखिँदो रहेछ । गाउँको घरमा रहनुभएका पाको उमेरमा पुग्नुभएका बाआमा यस्तै चाडबाडमा छोराछोरी वा आफन्तलाई भेट्न पाइने आशामा महिनौं बिताउनु भएको छ । आर्थिक उपार्जन वा अन्य केही नाममा न भत्किएको परिवार कुनै पनि गाउँमा भेट्न मुस्किल पर्छ । यस्तो बिछोडिएको परिवारको पुन:मिलन त यही दसैं र दसैं जस्तै अन्य चाडपर्वले गर्ने रहेछन् । सहरमा बस्दै सोचे जस्तो अवस्था गाउँमा छैन । गाउँमा पुग्दा देखिन्थ्यो बिरामी भएको व्यक्तिसँग भेट्न चाडबाड विशिष्ट अवसर रहेछ । आफन्त गुमाएर वा अन्य कारणले पीडामा रहेकालाई सहानुभूतिका केही शब्द भन्न पनि यो एउटा विशिष्ट सन्दर्भ बन्ने रहेछ ।

नयाँ पुस्ता काम र कमाइको दबाबमा मेसिन जस्तै बन्दै गएको छ । यो मेसिनसरी जीवनलाई एक आत्मासहितको जीवनमा परिवर्तन गर्ने, भावनासहितको जीवनमा परिवर्तन गर्ने एउटा महत्वपूर्ण सन्दर्भ यिनै चाडबाड मात्रै रहेछन् । चाडबाडले केही पीडामाथि नुनचुक पनि हाल्दो रहेछ । नेपाली समाज यतिबेला परिवर्तनको तीव्र गतिमा छ । यसलाई संक्रमण भन्न पनि सकिन्छ । यो परिवर्तन वा संक्रमणलाई विश्वव्यापी परिवर्तनले आफू अनुकूल बनाउँदै लगेको पनि छ । पैसाको महत्व बढेको छ । विभेदको पहाड झन् अग्लिदै गएका छन् । एउटा वर्ग वा केही व्यक्ति धनी हुँदै जाँदा ठूलो संख्याका मानिसहरू झन् झन् गरिब हुँदै गएका छन् । रातोदिन मेहनत गर्नेहरू त्यही हातमुख जोर्ने समस्यामा रुमल्लिरहेका छन् भने लप्पनछप्पन गर्नेहरू रातारात नवधनाढ्य बन्दै गएका छन् ।समाजले धनीलाई हेर्ने र गरिबलाई हेर्ने दृष्टिकोण निकै फरक छ । इमानको कुनै मूल्य छैन । यस परिस्थितिमा समाजमा आर्थिक रूपमा कमजोर रहेका मानिसले हीनताबोध गर्ने अवस्था देखियो । अरु बेलामा जे जसरी दिन बिताए पनि चाडबाडका समयमा अझ समस्या निम्त्याइरहेको देखियो । चाडबाड मनाउने क्रममा गाउँमा यस किसिमका असमानताको अनुभव प्रस्ट गर्न सकियो । शहरमा कमाएर गाउँ जाने र जीवन धानेर मात्रै गाउँ जानेको बीचमा समाजले डर लाग्दो किसिमले असमान व्यवहार गरिरहेको छ । गाउँमै बसेर दु:ख-सुख आफ्नो गुजारा चलाइरहेको र सहरबाट गाउँ भित्रिएको बीचमा पनि उस्तै असमानता देखिन्छ । यस असमानताले आर्थिक रूपमा कुनै उन्नति गर्न नसकेको व्यक्तिमा हीनताबोध र पीडाको पहाड थपेको देखियो । आगामी दिनमा मनोवैज्ञानिक रूपमा के असर पार्ला ? सोच्दा पनि डर लाग्छ । पक्कै पनि उसलाई उसको परिवार, आफन्त, छरछिमेकले नालायकको बिल्ला भिराइदिन्छन् । त्यसले त्यो व्यक्ति "डिप्रेसन'मा जान सक्छ । यी र यस्तै अवस्थाको शिकार बनेर कतिपयले आत्महत्या गर्लान् ? सम्झँदै कहाली लाग्छ ।

हाम्रो गाउँघर र समाजमा कर तिर्ने समयमा बाहेक राज्यको अनुभूति छैन । आफ्ना नागरिकलाई जुनसुकै समयमा पनि हेर्नुपर्ने र संरक्षण गर्नुपर्ने दायित्व राज्यको हो । तर हाम्रो दुर्भाग्य अप्ठ्यारोमा परेको समयमा पनि राज्यले नागरिकलाई हेरेन । वास्ता गरेन । कोभिडको महामारीले यत्रो समस्या निम्त्याउँदा पनि राज्यले वास्ता गरेन । विगतदेखिको अभ्यास हेर्ने हो भने त्यस्तो अवस्था देखिँदैन । आधुनिक नेपालको इतिहासलाई मिहीन रूपमा विश्लेषण गर्यौं भने शासकलाई अप्ठ्यारो पर्दा नागरिकले ज्यानको बलि चढाउन तयार हुनुपर्ने तर नागरिकलाई असर पर्दा सामान्य सहयोग पनि दिन तयार नहुने अवस्था हामीले वर्षौंदेखि भोग्न अभिशप्त छौं । बन्दाबन्दीको समयमा राज्यले नागरिकलाई घर भित्र थुन्यो । घरबाहिर निस्किन नदिनेले खाना घर-घर पुर्याउनुपर्ने हो । तर त्यस्तो भएन । ती नागरिक जो बिहान-बेलुका काम गरेर आफ्नो गुजारा चलाउँथे उनीहरूले आफ्नो पेट कसरी भरे होलान् ? यो देशको शासकलाई कहिल्यै यसले पोलेन । शासकले एउटा दलील पेस गरिरहेका छन् हाम्रो देश आर्थिक रूपमा सम्पन्न छैन । त्यसैले अन्य देशले जस्तो राहत दिन सक्दैन । तर हामी स्रोत-साधन नभएर आजको अवस्थामा आएका होइनौं भएको स्रोत-साधनको उपयुक्त ढंगले परिचालन गर्न सक्ने क्षमता नभएका शासकले गर्दा यस्तो अवस्था आएको हो भन्ने चेतना भरिदिने सल्लाहकार भएनन् या सल्लाह सुनेनन् । एउटा सानो उदाहरण हेरौं । हाम्रो यस्तो देश हो, जहाँ मासिक रूपमा लाखौं रुपैयाँमा घर-भाडा थाप्ने सहरी क्षेत्रका उमेर पुगेका घर धनी, दर्जनौं बिगाहा खेत भएका उमेर पुगेका जमिनदार, ठूलो व्यापार भएका उमेर पुगेका व्यापारीलाई पनि सामाजिक सुरक्षा भत्ता दिन्छ । के त्यो जरुरी छ ? हाम्रो यस्तो देश हो जहाँ शहरी क्षेत्रमा बसोबास गर्ने लाखौं रुपैया मासिक आम्दानी र आफ्नै बंगला भएका व्यक्तिलाई कौसी खेतीका लागि भनी हजारौं रुपैयाँ अनुदान बाँड्छ । के यो आवश्यक ? जरुरी छ ? चौर-चौरमा मन्दिर, डाडाँमा भ्युटावर, चोक चोकमा प्रवेश गेट के यी आवश्यक कुरा हुन् ? विगत छाडिदिऔं चालु आर्थिक वर्षको संघीय तथा प्रादेशिक सरकारको बजेट मात्रै हेर्यौं भने पनि यस्ता तमाम विकृति कति भेटिन्छ कति । नेपालले यतिबेला गर्नुपर्ने काम भनेको उत्पादन बढाउँदै त्यसको व्यवस्थापन र वितरणको न्यायपूर्ण प्रणाली स्थापित गर्ने हो । यति व्यवस्थित प्रणाली बनाउन सक्ने हो भने अहिलेकै स्रोत र साधनबाट भोक भोकै ज्यान गुमाएका सूर्यबहादुर तामाङहरूको आयु बढाउन सकिन्छ । सामान्य उपचारको अभावमा ज्यान गुमाएकाहरूको, कोभिडको कारण रोजगारी गुमाएकाहरूको जीवनमा आमूल परिवर्तन ल्याउन सकिन्छ ।

कुनै पनि व्यक्ति आफैं गरिब हुँदैनन् । यही समाजको बनोट, सम्बन्ध तथा संरचनाले कोहीलाई गरिब र कसैलाई धनी बनाउने हो । एकजना विद्वान् डेभिड सेडनले आफ्नो पुस्तकमा लेख्नुभएको छ कि 'पोभर्टी इज द आउट-कम अफ दी पोलिसी फेलियर ।' अर्थात् गरिबी भनेको नीतिगत असफलताको कारण सिर्जित समस्या हो । न यो भगवानले बनाएको हो न त भाग्यले नै ठगेको हो । यदि त्यसो हो भने त त्यो नीतिगत कमजोरीहरू सुधार गर्नुपर्ने हो । त्यो सुधार गर्न त राज्यकै दायित्व प्रमुख हुन्छ । नीतिगत तहमा रहेका कमजोरीहरूलाई व्यवस्थापन गर्दै गरिब तथा विपन्नमैत्री नीति निर्माण गर्नुपर्ने हो । तर हाम्रा शासकहरूलाई गरिबीको रेखामुनि रहेका नागरिकको पीडाले छुँदैन । न त कर्मचारीतन्त्रलाई छुन्छ । नेतालाई चुनावका बेलामा नागरिक चाहिने हो, कर्मचारीतन्त्रलाई त कहिल्यै नागरिक चाहिन्छ भन्ने अनुभूति नै देखिन्न । यसको प्रत्यक्ष प्रभाव गाउँघरमा पुग्दा अनुभव गर्न पाइन्छ । भर्खरै नयाँ दिल्ली सरकारले अविरल वर्षाको कारण बाली भित्र्याउन नपाएका किसानलाई प्रतिहेक्टर ८० हजार रुपैयाँको दरले राहात दिने घोषणा गर्यो । तर हामी कहाँ यस्तो हुँदैन । राजनीतिको अभीष्टता नागरिकलाई राहत दिनु हुँदै होइन हाम्रोमा । कोभिड, बाढी-पहिरो तथा अन्य विपद्जन्य कारणले संकटमा कहिल्यै समयमा राहत पुग्दैन । यस्तो समयमा अप्ठ्यारोमा रहेका नागरिकलाई समयमै राहात वितरण गर्न हाम्रा शासकलाई केले छेक्यो ? त्यसको खोजी गर्ने हो भने एउटा मात्र कुरा भेटिन्छ त्यो हो चेतना । उनीहरूसँग दु:खी पीडित, विपन्न तथा संकटमा परेका नागरिकको पीडालाई सुन्न, बुझ्न सक्ने चेतना नै छैन । हालका शासक र राणा शासकमा केही फरक नै देखिँदैन ।

उनीहरूलाई पनि आफ्नो र आफ्नो परिवारको चासो थियो, यतिखेर पनि त्यही चासो छ । अलिकता बदलिएको भनेको आफ्नो गुटका कार्यकर्ताको चासो पनि थपिएको छ । अरु केही परिर्तन नै आएको छैन । नागरिकप्रति जवाफदेही र उत्तरदायी हुने शासकीय पद्धतिको विकास गर्न नसक्दा नागरिकको पीडाले शासकलाई छुँदैन । पुल्चोकको मन्त्री क्वार्टरले नपुगेर भैंसेपाटीमा अर्बौं लगानी गरेर पाँचतारे होटल जस्ता मन्त्री क्वार्टर बनाउन उद्यत शासक एउटा प्रणाली बनाएर गरिबलाई राहत दिन तयार छैनन् । अन्त्यमा, चाडबाडका आफ्नै मान्यता र बुझाइहरू हुन्छन् । यस्ता चाडबाडले कतिपय अवस्थामा परम्परागत समयदेखिको चलनलाई निरन्तरता दिन योगदान गर्छन् । अर्कातर्फ यस्ता चाडबाडले हामीलाई आफूमा थप परिवर्तन गर्न, रूपान्तरण गर्न तथा बदलिँदो समाज अनुसार आफूलाई बदल्दै लैजान पनि योगदान गर्छ । यस्ता चाडबाड मनाउने क्रममा वा यस्ता अवसरमा देखिएका विभिन्न सवालहरूलाई सम्बोधन गर्ने क्रममा परिवर्तन आवश्यक छ । गर्नुपर्छ भन्ने चेतना पनि हामीमा भर्दै लैजान्छ । इतिहासको मिहिन अध्ययनले देखाउँछ हाम्रा शासक बदलिँदैनन् । जस्तै परे पनि बदलिँदैनन् ।

त्यसैले शासकलाई सत्बुद्धि प्राप्त होस् भन्नुको केही अर्थ छैन । यसर्थ, भर्खरै मनाएको दसैं र अब आउँदै गरेका तिहार, म्ह:पूजा, उधौली-उभौली, क्रिसमस, इद लगायतका चाडपर्वले चेतनाहीन र विवेकहीन शासकलाई परिवर्तन गरी चेतनशीललाई नेतृत्वमा पुर्याउने सत्बुद्धि हामी सबै नागरिकलाई प्राप्त होस् । चाडबाडको यही शुभकामना ।(इकागज)

# मनाङमा बलिउड चलचित्र ‘उचाइ’ छायांकन



नेपालका विभिन्न स्थानमा भारतीय चलचित्र ‘उचाइ’को छायांकन गत ४ अक्टोबरदेखि भइरहेको छ । काठमाडौँमा दुई दिनको छायांकन सकाएपछि टोली यहाँ आएको जनाइएको छ ।

चलचित्रमा माथिल्लो मनाङ क्षेत्रलगायत लुक्ला, नाम्चेजस्ता विभिन्न ठाउँका रमणीय दृश्यलाई कैद गरिने छ । सो चलचित्र अमिताभ बच्चन, डेनी डेन्जोङ्पा, अनुपम खेर, बोमन इरानी, परिणीति चोपडालगायतका कलाकारको अभिनय छ । नेपालमा अमिताभ बच्चन भने आएका छैनन् । स्वास्थ्यले साथ नदिएका कारणले उनी आउन नसकेको ‘मुभिमेकर’का एक सदस्यले बताए ।

छायांकनका क्रममा अमिताभको नक्कलसँगै अनुपम खेर र बोमन इरानी देखिनुभएको छ । चार जनाको मित्रताका कथामा आधारित चलचित्रमा नेपालको हिमाली भेगमा बसोबास गर्ने डेनीसँग जोडिएर सुरु हुने जनाइएको छ । अमिताभको नक्कल (डुप्लिकेट)को भूमिका राजा चौधरीले निभाइरहेको बताइएको छ ।

बलिउडको प्रसिद्ध ब्यानर राजश्री प्रोडक्सनले निर्माण तथा सुरज बडजात्याको निर्देशनमा सो चलचित्र निर्माण भइरहेको छ । नेपालमा ४० देखि ४५ दिन छायांकनन सेड्युल रहेको नेपालको लाइन प्रोड्युसर कम्पनी थ्री ह्विलर्स फिल्मस्का सुरज आचार्यले जानकारीदिए । चलचित्रको लागि नेपालका प्रोडक्सन म्यानेजर अरुण रेग्मी रहनुभएको छ । हिमाली भेगमा छायांकनका लागि ट्रेकिङ गाइड तिलकराम राईले सहयोग गरिरहनुभएको पर्यटन व्यवसायी विनोद गुरुङले जानकारी दिए ।

कोभिड-१९ र गत असार १ मा आएको बाढीपहिराका कारण आवतजावत ठप्प रहेको जिल्लामा विश्वकै सिने जगत्मा ठूलो मानिने बलिउड चलचित्र छायांकन भइरहेको छ । माथिल्लो मनाङको मनाङ डिस्याङ गाउँपालिका वरपरका विभिन्न स्थानमा चलचित्र छायांकन गरिने जनाएको उनले बताए ।

जिल्लामा चलचित्र छायांकनका लागि उपयुक्त स्थान भए/नभएको अवलोकनका लागि गत भदौ २३ गते चलचित्र निर्माता, निर्देशक तथा छायाँकारहरुको टोली आएका थिए ।यस चलचित्र छायांकनले कोभिडले गर्दा थला परेको पर्यटन व्यवसाय क्षेत्रलाई सहयोग पुग्ने र चलचित्र प्रदर्शनपश्चात् मनाङमा भारतीय पर्यटक तथा चलचित्र निर्माणमा आकर्षण बढ्न सक्ने अनुमान गरिएको छ । (रासस)

# दूरसञ्चार सेवा नहुँदा तीर्थयात्री र पर्यटकलाई सास्ती

हेटौंडा/ विगत तीन दिनदेखि परेको अविरल वर्षासँगै ताप्लेजुङको दूरसञ्चार सेवा अवरुद्ध भएको छ । नेपाल टेलिकमबाट प्रवाह हुने ल्याण्डलाइन, इन्टरनेट र मोबाइल सेवा मङ्गलबारदेखि अवरुद्ध भएको हो । दूरसञ्चार सेवा अवरुद्ध हुँदा सेवाग्राही समस्यामा परेका छन् । यसैगरी सेवा अवरुद्ध हुँदा अविरल वर्षासँगै आएको बाढीपहिराको क्षति संकलन तथा उद्धारमा समेत कठिनाइ भइरहेको बताइएको छ ।

अविरल वर्षाका कारण इलाम जिल्लाको फिकल, इटहरी र विराटनगरका टावर तथा अप्टिकल फाइबरमा समस्या आएकाले ताप्लेजुङमा दूरसञ्चार कार्यालयबाट प्रवाह हुने सबै सेवा बन्द हुन पुगेको नेपाल टेलिकम कार्यालय ताप्लेजुङका सूचना अधिकारी सुदीपकुमार महतोले बताए ।तत्काल सेवा सञ्चालन गर्नका लागि प्राविधिक टोलीले काम गरिरहेको र कहिलेसम्ममा सेवा सुरु हुन्छ भन्न नसकिने उनको भनाइ छ ।

नेपाल टेलिकमको सेवासँगै अन्य मोबाइल सेवा प्रदायक एनसीएल, इन्टरनेट सेवा प्रदायक सुविसु, टेकमाइन र वर्डलिंक लगायतको पनि सेवा अवरुद्ध भएको छ । इन्टरनेट सेवामा अवरुद्ध भएसँगै विभिन्न सरकारी कार्यालय तथा सैसंस्थाको कार्यसम्पादनमा समस्या भएको छ । मंगलबारदेखि नै इन्टरनेट अवरुद्ध भएपछि वित्तीय तथा बैंकिङ कारोबारमा समेत समस्या आएपछि सोवाग्राही मर्कामा परेका छन् ।

मोबाइल सेवा अवरुद्ध हुँदा सबैभन्दा धेरै प्रसिद्ध धार्मिकस्थल पाथीभरा मन्दिरमा पूजापाठ गर्न आउने तीर्थयात्री र विश्वको तेस्रो कञ्चनजैा हिमालमा भ्रमण गर्न आउने पर्यटकले समस्या खेप्नुपरेको छ । ताप्लेजुङमा पुगेर समयमै होटल बुकिङ गर्न नपाउँदा तीर्थयात्री र पर्यटकले बासका लागि होटल नपाउने, मन्दिरसम्म जाने गाडी नपाउने आफ्ना आफन्तसँग सर्म्पकविहीन हुनुपर्नेजस्ता समस्या भएको थियो । मोबाइल सेवा र इन्टरनेट सेवा अजरुद्ध भएसँगै स्थानीय सञ्चारमाध्यमको समाचार प्रकाशन तथा प्रसारणमा समस्या उत्पन्न भएको छ भने सञ्चारकर्मीलाई पनि समाचार संकलन र सम्प्रेषणमा कठिनाइ भएको छ ।

निरन्तर वर्षाका कारण राष्ट्रिय प्रसारण लाइनमा पनि दुई दिन अवरुद्ध भएको थियो । तर आज बिहानदेखि प्रसारण लाइनमा बत्ती बाल्न थालेको छ ।(रासस)

# १० वर्षमा चितवनमा ३९ हजार घरपरिवार थपिए



चितवन, ४ कात्तिक (रासस) : मध्य नेपालको ७८ औँ जिल्लाका रूपमा चिनिएको चितवनमा वर्षेनी बसाइँसराइ गरी आउने क्रम बढ्दै गएको छ । आन्तरिकरूपमा हुने वृद्धि र बाहिर बाट आउनेसमेत गरी १० वर्षका अवधिमा ३९ हजार बढी घरधुरी थपिएका हुन् ।

विसं २०६८ को जनगणनालाई आधार मान्दा जिल्लामा हाल ३९ हजार २३८ परिवार थप भएका हुन् । जिल्ला जनगणना कार्यालयका अनुसार जिल्लाका सात पालिकामा सुपरीवेक्षकले गरेको स्थलगत अध्ययनका आधारमा परिवार संख्यामा वृद्धि भएको हो । कार्यालय प्रमुख यज्ञमूर्ति भण्डारीका अनुसार जनगणनामा एक लाख ७१ हजार ७०० परिवारको गणना हुँदैछ । पछिल्लो जनगणनामा एक लाख ३२ हजार ४६२ परिवारको गणना भएको थियो । यहाँका पालिकामा समेत परिवार संख्यामा वृद्धि भएको पाइएको छ ।

सात पालिकामा नै परिवार संख्यामा वृद्धि भएको हो । उनका अनुसार भरतपुर महानगर पालिकामा ८७ हजार ४४२ परिवारको गणना हुँदैछ । यो अघिल्लो गणनाको भन्दा १८ हजार ४०७ परिवारले वृद्धि भएको छ । यस्तै रत्ननगर नगरपालिकामा २३ हजार १५३ परिवारको गणना हुँदैछ । यस पालिकामा सात हजार ८३ परिवार संख्यामा वृद्धि भएको छ । कालिका नगरपालिकामा १२ हजार ३३७ परिवारको गणना हुने कार्यालयले जनाएको छ । यस पालिकामा तीन हजार २२१ परिवार थपिएका छन् । खैरहनी नगरपालिकामा चार हजार ९३७ परिवार थप भएका छन् । यस पालिकामा १७ हजार २६८ परिवार रहेका छन् । राप्ती नगरपालिकामा १५ हजार ११९ परिवारको गणना हुँदैछ । यस पालिकामा अघिल्लो गणनाभन्दा तीन हजार ६४ परिवार थप भएका हुन् ।

माडी नगरपालिकामा १० हजार १७८ परिवारको गणना हुने भण्डारीले जानकारी दिए । यस पालिकामा एक हजार २१८ परिवार वृद्धि भएको छ । जिल्लाको एक मात्र गाउँपालिका इच्छाकामना गाउँपालिकामा छ हजार २०३ परिवारको गणना हुने उनले जानकारी दिए । उनका अनुसार गाउँपालिकामा एक हजार ४२५ परिवार थपिएका छन् । भूकम्पपछि पहाडी क्षेत्रबाट धेरै बसाइँसराइ गरी यहाँ आएकै कारण परिवार संख्या थप भएको अनुमान छ ।

कार्यालयले जनगणना अन्तर्गत प्रथम चरणको घर तथा घरपरिवारको सूचीकरण कार्यका आधारमा यो तथ्यांक लिएको हो । पहिलो चरणमा २१० जना सुपरिवेक्षाकले भदौ ३० गतेदेखि असोज १८ गतेसम्म स्थलगत अध्ययन गरी ल्याएको तथ्यांकका आधारमा एक लाख ४० हजार ७८० घरमा ती परिवार बसोबास गर्दै आएका छन् । ती परिवारमा आगामी कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म गणना हुँदैछ । गणनामा ८५७ जना गणक परिचालन हुँदैछन् । उनीहरुले ८४१ गणना क्षेत्रमा काम गर्दैछन् ।

अहिले गणनाका लागि गणक छनोटको अन्तिम तयारी भइरहेको छ । केन्द्रीय तथ्यांक विभागले छनोट गरेका गणकको प्रमाणीकरण र सक्कल काजगपत्र भिडाउने काम भइरहेको छ । कात्तिक १३ देखि १६ गतेसम्म गणकको तालिम हुनेछ । एक जना सुपरीवेक्षकअन्तर्गत चार गणक रहने व्यवस्था गरिएको छ । एक जना गणकले २५० परिवारको गणना गर्नुपर्ने छ । एक परिवारमा गणकले ८० प्रश्न सोध्नेछन् । एक परिवारमा करिब ४५ मिनेट लाग्ने उनले जानकारी दिए । विसं २०६८ को जनगणनाभन्दा अहिलेको नयाँ प्रविधिबाट गणना हुने भण्डारीले बताए ।

कार्यालय प्रमुख भण्डारीका अनुसार घर गणना, सामुदायिक प्रश्नावली, पुर्ख्यौली भाषा, मातृ मृत्युदर, बैंक वित्तीय संस्थामा खाता रहेको नरहेको, ऋण लिएको नलिएको, प्राविधिक तथा व्यावसायिक तालिम परिषद्बाट तालिम लिएको नलिएको, कृषि गणनाका लागि आवश्यक तथ्यांक संकलनलगायतका तथ्यांक गणकले लिनेछन् । गणना सम्पन्न गर्नका लागि जिल्लामा रहेको ९८ वटा वडामा वडास्तरीय सहजीकरण समिति गठन गरी काम भइरहेको उनले जानकारी दिए ।

# जंगली हात्ती भगाउन सुरक्षाकर्मी परिचालन

हेटौंडा/ जंगली हात्तीको बथान भगाउन शुक्लाफाँटा नगरपालिकामा सुरक्षाकर्मीको टोली परिचालन गरिएको छ । किसानका खेतमा छिरेर धानबाली, उखुलगायत खाएर नोक्सानी गर्ने र मानवीय क्षतिसमेत गर्न थालेपछि हात्ती भगाउन सुरक्षाकर्मीको टोली परिचालन गरिएको हो ।

नगरप्रमुख दिलबहादुर ऐरका अनुसार हात्ती प्रभावित क्षेत्रमा प्रहरी, सशस्त्र प्रहरी, निकुञ्ज सुरक्षार्थ नेपाली सेनाको टोली परिचालन गरिएको छ । हात्ती नियन्त्रणका लागि सुरक्षा निकायका २५ जनाको संयुक्त टोली परिचालन गरिएको छ । हात्तीबाट नगर पालिकाका-१, २, ३, ४, ५, ८, ११ र १२ वडा प्रभावित छन् ।

निकुञ्जको मध्यवर्ती क्षेत्रमा हात्ती भगाउनका लागि आगो बाल्न दाउरा बाल्ने व्यवस्थासँगै स्थानीय बासिन्दालाई सजग बनाउने र इलेक्ट्रक फेन्सिङलाई व्यवस्थित पार्ने काम भइरहेको प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जामगरले जानकारीदिनुभयो । हात्तीको बथानलाई निकुञ्ज क्षेत्रतर्फ फर्काउने काम भइरहेको उनको भनाइ छ ।

लगातारको वर्षाका कारण धानबाली भित्र्याउन नपाएका किसानको धान हात्तीले नोक्सानी गर्न थालेपछि यस क्षेत्रका किसान थप मर्कामा परेका छन् । जंगली हात्तीले बुधबारमात्रै नगरपालिकाको वडा नं १२ का दम्पती ध्वजबहादुर कार्की र मथुरा कार्कीको ज्यान लिएपछि यस क्षेत्रका बासिन्दा त्रसित भएका छन् । बस्ती नजिकैका सामुदायिक वनमा जंगली हात्ती दिउँसै ओहोरदोहोर गर्दै आएका छन् । स्थानीय बासिन्दाले हात्तीकै डरले मेलापात गर्न छाडेका छन् । प्रत्येक वर्ष भारतको दुधुवा नेशनल पार्क हुँदै जंगली हात्तीको बथान यहाँ आइपुग्ने गर्दछ । (रासस)

# किसानका पीडा : के खाएर बाँच्ने ?

भजनी, ३ कात्तिक (रासस) : जानकी गाउँपालिका-८ का लालवीरे कामीले दसैंको पछिल्लो दिन आठ कामदार लगाएर दुई बिघामा लगाएको धान कटाए ।

प्रतिव्यक्ति रु ५०० का दरले उनले ज्याला व्यापत चार हजार रुपैयाँ तिर्नुपऱ्यो । उनले धान कटाए पनि भित्र्याउन भने पाएनन् । ‘गतवर्षको भन्दा धान राम्रो थियो । यस वर्ष उत्पादन राम्रो हुन्छ भन्ने अपेक्षा थियो ’, उनले भने,‘खेतमा लगाएको एक दाना धान पनि भित्र्याउन पाइएन । सबै बाढीले बगायो । अब के खुवाएर परिवार पाल्ने ? आफूले के खाने ?’, टीकापुर नगरपालिका-३ शंकरपुरका लक्ष्मण बस्यालले आकाशको पानी पर्दा थोरै भए पनि आशा जीवित रहेको जनाउँदै जमरा कुलोको बाढी खेतमा पसेपछि धानको एक मुठ्ठा पनि खेतमा नबचेको बताए ।

उनले जमरा कुलोमा लगाइएको बाँधका कारण पनि शंकरपुर क्षेत्र बढी डुबानमा परेको जनाउँदै सम्झँदा आँखा रसाउने गरेको गुनासो गर्नुहुन्छ । ‘वर्षभरि खाने धान पूरै बगाएर लगिसक्यो अब हामीले के खाने ? किनेर खानसक्ने क्षमता छैन । हामी दिनभरि मजदुरी गरेर खाने मान्छे त्यसमाथिको अहिलेको महंगाइमा’, उनले भने,‘खेत रोप्दा लागेको ऋृण पनि तिर्न सकेको छैन । कसरी ऋृण तिर्ने कसरी परिवार पाल्ने ? अहिलेको समयले निकै चुनौती दिएर गएको छ ।’

टीकापुरकै आशिष जनालाले पनि दसैंको पछिल्लो दिन तीन बिघा क्षेत्रफलको धान कामदार लगाएरै काटे । परिवारसँग दसैंको बेला रमाइलो गरेको उनका लागि अर्को दिनसम्म टिकेन । कोरोनाका कारण भारतमा मजदुरी गरेर परिवार पाल्ने उनले आफ्नै गाउँमा केही गर्नुपर्छ भनेर गाउँ फर्किएको बताए । उनले आफ्नो र आफ्ना अन्य परिवारको सबै जग्गामा खेती सुरु गरेको पहिलो वर्षमै समयले निकै ठूलो चुनौती दिएर गएको छ । ‘कोरोनाले परदेशबाट लखेट्यो । स्वदेशमा बदलिँदो मौसमले लखेट्दै छ’, उनले भने,‘अब कता जाने ? कतै ठाउँ नै छैन । लागेको ऋृण र परिवारलाई कसरी पाल्ने ? निकै अप्ठ्यारो मोडमा पुगिएको छ ।’

कर्णाली नदीले कटान गरेर बाढी गाउँमा पस्दा नगर पालिकाको सूर्यपुर, वसन्ता, बटनपुर, फाँटा, सत्ती, कर्मीडाँडा, सिमरेनी, अरुणाफाँटालगायतका गाउँमा बढी असर पारेको छ । सो क्षेत्रमा बढी मात्रामा खेती हुने गर्छ । केही वर्ष पहिले बाढीले निकै प्रभावित हुने सो क्षेत्रमा सात वर्षयता बाढी देख्नुपरेको थिएन । आकाशको पानी पर्दासम्म पराल नभए पनि धान बचाउन सकिन्छ कि भन्ने आशा किसानमा थियो । तर त्यो आशा पूर्णरूपमा निराशामा परिणत भयो ।

कर्णालीको उर्लँदो भेल खेतमा पसेपछि आफूहरु मुकदर्शक बन्नुबाहेक केही नभएको किसान सीताराम चौधरी बताए । ‘हामीले चाहेर रोक्न पनि नसकिने । पानीमा तैरिरहेको धानलाई संकलन गर्न पनि नसकिने’, उनले भने,‘एकाएक बाढी खेतमा पसेपछि पानीमा तैरेको धान कर्णालीमै मिसियो । अब चिन्ता बढ्न थालेको छ । के खाने ? परिवारलाई के खुवाउने र पशु चौपायालाई के खुवाएर पाल्ने ?’

जग्गा भाडामा लिएर कुखुरा फार्म सञ्चालन गर्दै आउनुभएका लक्ष्मीप्रसाद अधिकारीको फार्ममा रहेका करिब ५०० कुखुरा बाढीले बगायो । आफ्नै देशमा केही गर्नुपर्छ भनेर लागेका उनको सपना बाढीले पूरा हुन दिएन । सँसँगैका साथीहरु विदेश जानुपर्छ भनेर सधैं कर गर्थे । मैले आफ्नै देशमा केही गर्नुपर्छ भनेर सम्झाए पनि सबै साथीहरु विदेशमा राम्रो कमाउँदैछन् । आफूले ऋृण जोहो गरेर जग्गा भाडामा लिएर फार्म सञ्चालन गरेँ त्यो पनि बाढीले बगायो’, उनले भने,‘अब आफ्नो लगानी त टाढाको कुरा भयो जग्गा भाडा पनि कताबाट तिर्ने भन्ने चिन्ता छ ।’

टीकापुर र जानकी मात्रै हजारौं बिघा क्षेत्रफलमा लगाइएको धानबाली पूर्णरूपमा नष्ट भएको छ । बाढी कटानले हुलाकी राजमार्गअन्तर्गत सत्ती नजिक झण्डै २०० मिटर बढी हुलाकी सडक कटान गरेको छ भने मोहना नदीमा निर्माण गरिएको तटबन्धसमेत भत्काएको छ । कर्णालीले पनि ठाउँठाउँमा तटबन्ध भत्काएर बाढी बस्तीमा पसेको हो ।(रासस)

## ब्लुबुक र लाइसेन्स हरायो

निम्न व्यवहोराको मेरो ब्लुबुक र सवारी चालक अनुमतिपत्र (लाइसेन्स) मिति २०७८/०५/२८ गते पारिजातपथबाट राप्तिरोड आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय अथवा तपशिलको नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गरिन्छ ।

नाम :- रवि अधिकारी
सवारी नं. :- बागमती प्रदेश ०३ ०२ प ८३१५
लाइसेन्स नं. :- ०४-५४२२१५
सम्पर्क :- ९८५५०७१२२४

## श्री रत्नदेवी प्राथमिक विद्यालय

मकवानपुरगढी-१, फूलवारी

## शिक्षक आवश्यकता

*(प्रथम पटक प्रकाशित मिति :- २०७८/०७/०५)*

यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको अस्थायी करार दरबन्दी कोटामा शिक्षक नियुक्त गर्नका लागि शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरको च.नं. २७१ को मिति २०७८/०६/१३ गतेको पत्र अनुसार यस विद्यालयको वि.व्य.स.को मिति २०७८/०६/१८ गतेको बैठक निर्णय अनुसार दरखास्त माग भए अनुसार आवश्यक योग्यता पुगेका उम्मेदवारहरुबाट यो दरखास्त आवहान गरिएको छ ।

**तपशिल:-**

**विज्ञापन नं :** ०१/२०७८/७९
**तह :** प्रा.वि
**संख्या :** १ (एक)
**नियुक्तिको किसिम :** अस्थायी करार
**शैक्षिक योग्यता :** +२ वा सो सरह
**तलब सुविधा :** नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ ।
**दरखास्त दस्तुर :** १०००/- (एक हजार)
**उमेर :** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**परिक्षाको किसिम :** शिक्षा सेवा आयोगले प्राथमिक तहका लागि तोकेको नयाँ पाठ्यक्रम अनुसार २०० पुर्णाङ्कको लिखित परीक्षा) ,मौखिक र कक्षा अवलोकन ।
**दरखास्त दिने अन्तिम मिति :** २०७८/०७/२२ गते कार्यलय समयभित्र ।
**सम्पर्क मिति :** २०७८/०७/२३ गते कार्यलय समयभित्र ।
**परीक्षा मिति :** सम्पर्क मितिमा जानकारी गराईनेछ ।

**आवश्यक कागजातहरु :-**

१) शैक्षिक योग्यताको प्रतिलिपिहरु २/२ थान ,
२) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २/२ थान
३) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि २/२ थान
४) तालिम तथा अनुभव भएमा प्रमाणपत्र प्रतिलिपि २/२ थान
५) निरोगिताको प्रमाणपत्र २/२ थान
६) हस्तलिखित निवेदन १ प्रति

सम्पर्क नं. ९८६०१९९१७७ (प्र.अ.), ९८४५७७५७७२ (अध्यक्ष)

## ब्लुबुक र लाइसेन्स हरायो

निम्न व्यवहोराको मेरो ब्लुबुक र सवारी चालक अनुमतिपत्र (लाइसेन्स) मिति २०७८/०६/११ गते चौघडाबाट हेटौंडा आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय अथवा तपशिलको नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गरिन्छ ।

नाम :- रिकेश रिजाल
सवारी नं. :- ना ५७ प ८८६८
लाइसेन्स नं. :- ०२-०५-००७६५२५८
सम्पर्क :- ९८०२९५४३७३

## कागजपत्र हराएको सूचना

यहि मिति २०७८/०५/०५ गते हेटौंडा बजारबाट रवि श्रेष्ठ नाम गरेको सवारी नम्बर: ना २ ह ११1६ अटोको ब्लुबुक, रुट परमिट र जाँचपास हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय अथवा ९८६५०४८७८९ को नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गरिन्छ ।

“तपाई, हामी सबैको कुरा”

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# कृषि उद्यम केन्द्रले माग्यो किसानलाई क्षतिपुर्ति र राहत

साझाकुरा संवाददाता

हेटौंडा/ नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गतको कृषि उद्यम केन्द्रले बाढी पीडित किसानलाई क्षतिपुर्ति र राहत दिन सरकारसँग माग गरेको छ ।

धानबालीमा बेमौसमी वर्षाले क्षति गरेको भन्दै तत्काल किसानहरुलाई क्षतिपुर्ति र राहत दिन केन्द्रले माग गरेके हो । केन्द्रका सभापतिसमेत रहेका अरुणराज सुमार्गीले वर्षाले धानबालीमा क्षति पुर्‍याएकोले सरकारले राहत दिनुपर्ने बताए । 'वर्षाले किसानले लगाएको अन्न बाली सखाप भएको छ । काटेर राखेको धान वर्षाले डुबाएको छ । सरकारले किसानलाई क्षतिपुर्ति र राहत तत्काल उपलब्ध गराउनु पर्छ ।,' उनले भने ।



उनले बाली बीमाको जागरण गाउँगाउँमा पुग्न नसक्दा विपद्ले क्षति पुर्‍याउँदा समस्यामा पर्ने गरेको उनी बताउँछन् । उनले प्रधानमन्त्री आफैं क्षतिको स्थलगत निरीक्षणमा निस्किएकोले किसानका दु:ख हेरेर फर्किने मात्रै नभई र ाहतको घोषणा गर्न आग्रह गरे ।

# एमालेमै फर्किए कैलाशका वडाध्यक्ष

हेटौंडा/ एमाले परित्याग गर्दै नेकपा (एकीकृत समाजवादी) रोजेका मकवानपुरको कैलाश गाउँपालिकाका वडा अध्यक्ष पुन: एमाले फर्किएका छन् ।

प्रदेश निर्वाचन आयोग पुगेर नेकपा (एस)मा सनाखत गरेका कैलाश-८ का वडाध्यक्ष सुर्ज बहादुर थिङले आफूले बाटो बिराएको भन्दै एमालेमै फर्किएका हुन् । नेकपा एमाले मकवानपुरको कार्यलयमा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर ईन्चार्ज रामेश्वर रानाले थिङलाई स्वागत गरेका थिए । उनले एमालेमै रहेर सक्रिय हुने बताएका छन् । एमालेको सूर्य चुनाव चिन्हबाट निर्वाचित भएकोले सूर्य चिन्ह छोड्न नसक्ने बताए ।

थिङले समाजवादीमा भुलबस सनाखत भएको जनाए । कार्यक्रममा एमाले केन्द्रीय सदस्य तथा बागमती प्रदेश सहईन्चार्ज डोरमणि पौडेल, एमाले मकवानपुरका अध्यक्ष बद्री लम्साल, प्रदेश सदस्य अनन्त पौडेल, देवराज रिमाल, बरिना बल, भोजराज ढकाललगायतको उपस्थिति थियो ।

# 'सुशासन अभियान पार्टीमा परिणत हुन्छ'

हेटौंडा/ नेपाल सुशासन अभियानका संयोजक तथा पूर्व प्रहरी नायब महानिरीक्षक रमेश खरेलले अभियानलाई पार्टीमा परि णत गर्न सकिने बताएका छन् ।

उनले सुशासन अभियानलाई जनताले रुचाएको खण्डमा पार्टीमा परिणत गरेर अघि बढ्न सकिने बताएका हुन् । हेटौंडामा बिहीवार नेपाल सुशासन अभियानको भेलालाई सम्बोधन गर्दै उनले राजनीतिक जनताको सेवाका निम्ति गर्नुपर्ने धारणा राखे । 'अभियानलाई तपाईहरुले साथ र सहयोग गरेमा नेपाल सुशासन पार्टीका रुपमा परिणत गरेर राष्ट्रको परिवर्तनका निम्ति काम गर्नेमा विश्वास दिलाउँछु ।' खरेलले भने ।

मुलुकमा मौलाइरहेको भ्रष्टाचारविरुद्ध अभियान सक्रिय भइरहेको खरेलको भनाई छ । भ्रष्टाचार न्यूनिकरण सबै नागरिक जागरुक हुनुपर्ने उनले बताए । भेलामा मकवानपुरका युवाहरुको सहभागिता थियो । मुलुकमा भ्रष्टचार बढिरहेकोप्रति भेलामा सहभागीहरुले चिन्ता व्यक्त गरेका थिए । सुशासन अभियानलाई साथ दिँदै भ्रष्टाचार विरुद्ध सक्रिय हुने उनीहरुले बताएका छन् । भेलाले अभियानको हेटौंडा उपमहानगरपालिकाको तदर्थ कमिटी गठन गरेको छ । जसको नेतृत्व महेश मगरले गरेका छन् ।

# हेटौंडाबाट गाँजासहित २ जना पक्राउ

हेटौंडा/ प्रतिबन्धित लागूऔषध गाँजासहित हेटौंडाबाट दुई जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले मनहरीका दुई युवकलाई पक्राउ गरेको हो ।

२ कार्तिकमा हेटौंडा-१५ पुर्वपश्चिम राजमार्गमा हेटौंडाबाट वीरगञ्ज गइरहेको ना १ ज १६७६ नम्बरको माइक्रो बसलाई जाँच गर्दा ५ किलो ३ सय ग्राम लागूऔषधसहित २ जनालाई पक्राउ गरेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । पक्राउ पर्नेमा मनहरी गाउँपालिका ५ नम्बर वडाका ४८ वर्षीय प्रेम बहादुर प्रजा र सोही स्थानका २२ वर्षीय रविन्द्र प्रजा रहेका छन् ।





## निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?



निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब



हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**


हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२९६३






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

# हार्दिक बधाई तथा शुभकामना






नेकपा एमालेको प्रवास संगठन प्रवासी नेपाली मञ्च अष्ट्रेलियाको युवा दस्ता प्रवासी नेपाली युवा मञ्च अष्ट्रेलियामा मकवानपुर निवासी मेरा आदरणीय दाजुहरु श्री विरोध थिङ ज्यू केन्द्रीय सचिव, श्री संजिव थापा मगर ज्यू केन्द्रीय कोषाध्यक्ष, श्री सुमन बर्तौला ज्यू, श्री राजिव सापकोटा ज्यू, श्री प्रताप लामा ज्यू, श्री पुष्पराज आचार्य ज्यू केन्द्रीय कमिटी सदस्य तथा श्री बिकास सिलवाल ज्यू भिक्टोरिया राज्यको संयोजक र श्री युकेश पराजुली ज्यू कुइन्स्ल्याण्ड राज्यको संयोजकमा निर्वाचित हुनुभएकोमा हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरूको कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।



बादल सिलवाल (अध्यक्ष)

**राष्ट्रिय युवा संघ नेपाल, भिमफेदी गाउँपालिका कमिटी**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल